# विपद उद्धार तथा राहत वितरण कार्यविधि - २०७६

**प्रस्तावना** : प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट गरिव र सिमान्तकृत समुदायका व्यक्ति वा निजको परिवारको मानवीय क्षती वाहेक घरवास वा खेतवारी नष्ट भएमा वा क्षती भएमा, पशुधन,गोठ वा पशुपालन गर्न निर्माण गरिएको संरचना, कृषि वाली र सोको संरचना नष्ट वा क्षती भएमा उक्त क्षतीलाई राहत उपलब्ध गराउने उद्देश्यले ओमसतिया गाउँपालिका विपद व्यवस्थापन कोष अन्तरगत "प्रकोप उद्धार तथा राहत कार्यक्रम" कार्यान्वयन गर्न ओमसतिया गाउँपालिकाको प्रशासकिय कार्यविधी (नियमित गर्ने ) ऐन २०७५ को दफा ४ को उपदफा (१) बमोजिम यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "विपद उद्धार तथा राहत वितरण कार्यविधी २०७६" रहेको छ ।

२. यो कार्यविधी ओमसतिया गाउँपालिका स्थानीय सरकारबाट स्वीकृत भै प्रमाणीकरण भएको मिति देखि लागु हुनेछ ।

३. यो कार्यविधी ओमसतिया गाउँपालिका भर लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा :-

(क) ऐन भन्नाले विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(ख) कार्यक्रम भन्नाले विपदबाट भएको क्षतीको राहत स्वरुप गाउँपालिका गरिव र सिमान्तकृत समुदायका व्यक्ति वा परिवारलाई वितरण गरिने राहत कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ग) कृषिवाली भन्नाले अन्नबाली, तरकारी वा फलफुल खेती समेतलाई जनाउछ ।

(घ) गरिव भन्नाले नेपाल सरकारको निश्चित मापदण्ड अन्तर्गत समय समयमा तोकेको राष्ट्रिय वा क्षेत्रगत गरिविको रेखामुनी रहेको शिक्षा, स्वास्थ्य जस्ता मानव विकास सुचांकहरुको आधारमा पिछडिएका र निश्चित लिंग तथा सामाजिक समुहका आधारमा राष्ट्रिय विकास प्रकृयाको मुल प्रवाहमा समावेश हुन नसकेका स्थानीय तह वडाले गरिव भनि सिफारिस गरेका व्यक्ति वा समुहलाई सम्झनु पर्छ । यो शब्दले नेपाल सरकारले गरिवि परिचय पत्र वितरण गरेको अवस्थामा सो परिचय पत्र प्राप्त परिवारको सदस्यलाई समेत जनाउदछ ।

(ङ) गैर प्राकृतिक विपद भन्नाले महामारी,अनिकाल ,कीट वा शुष्म जिवाणु ,आतङक पशु वा चराचुरुङगीकमा हुने फ्लु, प्याण्डयामिक फ्लु ,सर्पदंस,जनावर आतंक, खानी ,हवाई सडक जल वा औधोगिक दुर्घटना, आगलागी, विशाक्तग्यास रसायन वा विकिरण चुहावट , ग्यास विस्फोटन, विषाक्त खाध्य सेवन वातावरणिय प्रदुशण वा वन विनास वा भौगोलिक संरचनाको क्षेती वा यस्तै अन्य प्राकृतिकको विपदलाई सम्भनु पर्दछ ।

(च) जिल्ला विपद व्यवस्थापन समिति भन्नाले ऐनको दफा १६ बमोजिमको समितिलाई बुझाउछ ।

(छ) पशु धन भन्नाले कृषकले पालेको पशु पन्छी वा माछालाई सम्भनु पर्दछ ।

(ज) प्राकृतिक विपद भन्नाले हिमपात ,असिना, हिम पहिरो, हिमताल विस्पोटन ,अतिवृष्टि अनावृष्टी,बाढि पहिरो तथा भु-स्खलन ,डुवान ,खडेरी, आधिँहुरी, बतास, सित लहर ,तातो हावाको लहर,चटयाग भुकम्प आगलागी ,ज्वालामुखी विस्पोट वा यस्तै अन्य प्राकृतिक विपदबाट उत्पन्न जुनसुकै विपद सम्भनु पर्दछ । यो शब्दले जलवायु परिवर्तनको प्रभावले सृजना भएको विपदलाई समेत सम्भनु पर्दछ ।

(झ) गाउँपालिका विपद व्यवस्थापन समिति भन्नाले ऐन बमोजिमको समितिलाई सम्भनु पर्दछ ।

(ञ) विपद भन्नाले प्रकृतिक वा गैर प्राकृतिक विपदबाट भएको विपदको अवस्थालाई सम्भनु पर्दछ ।

(ट) पालिका भन्नाले ओमसतिया गाउँपालिकालाई सम्भनु पर्दछ ।

(ठ) समिति भन्नाले यसै कार्यविधीको दफा ७ बमोजिमको राहत सिफारिस समितिलाई सम्भनु पर्दछ ।

(ड) सिमान्तकृत समुदाय भन्नाले दलित र पिछडिएको अल्पसंख्यक जनजाति समुदायलाई सम्भनु पर्दछ र सो शब्दले अपांगता भएका व्यक्तिलाई समेत जनाउदछ ।

(ढ) स्थानीय विपद व्यवस्थापन समिति भन्नाले ऐनको दफा १७ बमोजिमको समितिलाई सम्भनु पर्दछ ।

(ण) स्थानीय तह भन्नाले ओमसतिया गाउँपालिकालाई सम्भनु पर्दछ ।

## परिच्छेद -२

## विपदबाट हुने क्षतीको किसिम र प्रदान गरिने राहत

३. **विपदबाट हुने क्षती** : (१) विपदबाट भएको देहायका क्षतीलाई यस कार्यविधी बमोजिम राहत प्रदान गरिनेछ ।

(क) विपदको घटनाबाट घरवासको पुर्ण नष्ट भएको वा पुर्ण नष्ट नभए पनि सम्भावित खतराबाट जोगिन अन्यत्र सर्नु पर्ने वा विस्तापित भई सुरक्षित स्थानमा नयाँ आश्रयस्थल निर्माण गर्नु पर्ने भएमा ,

(ख) कुषिबाली नष्ट वा क्षती भएमा,

(ग) कुषिवाली सम्बन्धी कुनै संरचना वा कुनै मेशनरी सामान नष्ट वा क्षती भएमा ।

(घ) पशुधन भएमा ,

(ङ) पशुपंक्षीको गोठ ,खोर वा माछा पोखरी वा पशुपंक्षी पाल्न निर्माण गरिएको अन्य कुनै संरचना वा मेशिनरी सामान नष्ट वा क्षती भएमा ।

(च) उब्जाउ हुने खेतवारि नष्ट वा क्षती भएमा ।

४. **राहत रकम** : (१) विपदको घटनाबाट घरवासको पुर्ण नष्ट भएको भए वा पुर्ण नष्ट नभए पनि सम्भावित खतराबाट जोगिन अन्यत्र सार्नु पर्ने वा विस्तापित भइ सुरक्षीत स्थानमा नयाँ आश्रयस्थल निर्माण गर्नु पर्ने भएमा प्राविधिक मुल्यांकन बमोजिम प्रति परिवार बढिमा रु २५,०००।- (पच्चिस हजार) राहत प्रदान गरिनेछ ।

(२) पशुधन वा कृषिवाली क्षती भएकोमा देहाय बमोजिम राहत प्रदान गरिनेछ :

(क) वयस्क भैसी , उन्नत जातको गाई वा जोत्ने गोरुको क्षती भएमा सम्वन्धित प्राविधिकको मुल्यांकन बमोजिम बढिमा रु ५,०००।-(पाँच हजार) सम्म र पशुको संख्या एक भन्दा वढी भएमा जतिसुकै भए पनि प्रविधिक मुल्यांकन बमोजिम वढीमा रु १०,०००।- (दश हजार) सम्म ।

(ख) स्थानीय जातको गाई, पाडा पाडी, उन्नत जातको बाच्छा बाच्छी र अन्य पशुको क्षती भएकोमा सम्वन्धीत प्राविधिकको मुल्यांकन बमोजिम वढीमा रु १०,०००।-(दश हजार)सम्म

र क्षती भएको पशुको संख्या एक भन्दा बढी भएमा जतिसुकै भए पनि प्राविधिक मुल्यांकन बमोजिम बढीमा रु २०,०००।- (विस हजार) सम्म ।

(ग) क्षती भएको पशुपंक्षीको गोठ तथा खोर र माछा पोखरी वा अन्य संरचनाको सम्वन्धमा सम्वन्धीत प्राविधिकको मुल्यांकन बमोजिम बढीमा रु १०,०००।-(दश हजार) सम्म ,

(घ) माछा सहित माछा पोखरी नष्ट भएको भए प्राविधिकको मुल्यांकन बमोजिम बढीमा रु. ३०,०००।-(तिस हजार) सम्म ,

(ङ) कृषिवाली नोक्सान भएको भए सम्वन्धित प्राविधिकको मुल्यांकण बमोजिम बढीमा रु ५०,०००।-(पचास हजार) र कृषिवाली सम्वन्धी संरचनाको क्षतीको सम्वन्धमा सम्वन्धित प्राविधिकको मुल्यांकन बमोजिम बढीमा रु १५,०००।-(पन्ध्र हजार) सम्म ,

(३) उब्जाउसिल खेतवारी नष्ट भएको भए नेपाल सरकारले निर्धारण गरे जग्गाको दर बमोजिम बढीमा रु १,००,०००।- (एक लाख ) सम्म उपलब्ध गराईनेछ ।

**स्पष्टिकरण** : प्राविधिक मुल्यांकन भन्नाले कृषिवालीको हकमा कृषि प्राविधिक , पशुधनको हकमा पशु स्वास्थ्य प्राविधिकले गरेको मुल्यांकन र घरवास मेशिनरी औजार वा कृषि तथा पशुपंक्षीको गोठ तथा अन्य संरचनाको हकमा सम्वन्धित स्थानिय तहको इर्नजनियर वा प्राविधिकको मुल्यांकनलाई सम्झनु पर्दछ ।

(४) यस भन्दा माथिको राहत रकम उपलब्ध गराउनु परेमा पालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(५) पशुधन तथा कृषि वालीको विमा गरिएको भए विमा रकम कटाई वाकीं रकम दिइनेछ ।

## परिच्छेद -३

## विपद उद्धार तथा राहत वितरण प्रकृया

५. **प्रकोप उद्धार तथा राहत वितरण कार्यक्रम गरिव लक्षित हुने** :(१) यस कार्यविधी बमाजिम संचालित कार्यक्रम बमोजिम वितरण हुने उद्धार तथा राहत गरिव र सिमान्तकृत समुदाय र स्थानीय पिडित व्यक्ति वा निजको परिवारलाई मात्र दिइनेछ ।

(२) गरिव परिचय प्राप्त गरेका वा स्थानीय वडा कार्यालयले गरिव भनी सिफारिस गरेका व्यक्ति, स्थानीय पिडित व्यक्ति र सिमान्तकृत समुदायका व्यक्ति वा निजको परिवारले मात्र यस कार्यविधी बमोजिम राहत माग गर्न सक्नेछन ।

६. **राहत वितरण प्रक्रिया** : (१) यो कार्यविधी बमोजिम संचालन गरिने विपद उद्धार तथा राहत वितरण कार्यक्रम स्थानीय तह ,जिल्ला विपद व्यवस्थापन समिति र स्थानीय विपद व्यवस्थापन समिति संग समन्वय गरि पालिकाको वातावरण तथा विपद व्यवस्थापन विकास समितिले संचालन गर्नेछ ।

(२)राहत माग गर्ने व्यक्तिले अनुसुचि १ मा उल्लेखीत कागजातहरु सहितको निवेदन सम्वन्धित स्थानीय तहको वडा कार्यालयमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा १ बमोजिम दाखिला हुन आएको निवेदन साथ अनुसुचि १ बमोजिमको पुरा भए नभएको एकिन गरि सम्वन्धित वडा कार्यालयले सम्वन्धित स्थानीय विपद व्यवथापन समितिमा पठाउनु पर्नेछ ।

(४) उपदफा ३ बमोजिम प्राप्त हुन आएका निवेदनहरु स्थानीय विपद व्यवस्थापन समितिले राहत उपलब्ध गराउन सिफारिस सहित सम्वन्धित जिल्लाको कृषि ज्ञान केन्द्र वा भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पठाउनु पर्नेछ ।

(५) उपदफा ४ बमोजिम प्राप्त हुन आएका निवेदनहरु सम्वन्धित कृषि ज्ञान केन्द्र वा भेटेनरी अस्पताल तथा पशु विज्ञ केन्द्रले स्थलगत जाचबुझ गरि प्राविधिक मुल्यांकन गरि/गर्न लगाई तथा अनुसुचि १ बमोजिमका कागजातहरु पुरा नभएको भए पुरा गर्न लगाई राय सिफारिस सहित मन्त्रालय पठाउनु पर्नेछ ।

७ **राहत सिफारिस समितिः** (१) दफा ६ उपदफा ५ बमोजिम प्राप्त हुन आएका निवेदनहरु जाचबुझ गरि पालिकामा राहत सिफारिस गर्न पालिकामा निम्न बमोजिमका राहत सिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| (क) विपद व्यवस्थापनका प्रमुख | संयोजक |
| (ख) कृषि शाखा प्रमुख | सदस्य |
| (ग) पशु शाखा प्रमुख | सदस्य |
| (घ) सम्बन्धित वडा अध्यक्ष वा प्रतिनिधी | सदस्य |
| (ङ) विपद शाखा कर्मचारी | सदस्य सचिव |

(२) उपदफा १ को क,ख, ग र ङ बमोजिमका संयोजक सदस्य र सदस्य सचिव कुनै रिक्त हुन आएमा पालिकाले तोक्नेछ ।

(३) समितिको वैठक आवश्यकता अनुसार बस्नेछ ।

(४) उपदफा १ बमोजिम राहत सिफारिस भई आएका पालिकाले माग भएको राहत स्वीकृत गर्नेछ ।

८. **सिफारिस समितिको काम कर्तव्य र अधिकार** :राहत सिफारिस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) दफा ६ उपदफा ५ बमोजिम प्राप्त हुन आएका निवेदन उपर जाचबुझ गरि पालिकालाई उपयुक्त राहत सिफारिस गर्ने ।

(ख) विपद घटेको स्थानको सम्बन्धित स्थानीय विपद व्यवस्थापन समिति जिल्ला विपद व्यवस्थापन समिति र प्रदेशिक विपद व्यवस्थापन समिति संग समन्वय गर्न सक्नेछ ।

(ग) विपद घटेको स्थानको सम्बन्धित वडा प्रतिनिधी संग समन्वय गर्ने तथा विपद घटेको स्थलको जाचबुझ गर्न तथा प्रतिवेदन पेश गर्न लगाउने

(घ) आवश्यक परेको खण्डमा विपद घटेको स्थलको निरिक्षण अनुगमन गर्ने

९ **भुक्तानि विधि** : (क) राहत रकम स्वीकृत भएपछि स्वीकृत रकम निवेदकको बैक खातामा पठाईनेछ ।

(ख) खण्ड क बमोजिम स्वीकृत भएता पनी पछि झुट्टा ठहरिएमा रकम रोक्का राखिने तथा सरकारी रकम बाकिँ सरह असुल उपर गरिनेछ ।

१०. **अनुगमन गर्नु पर्ने** : (१) पालिकाले यस कार्यविधि बमोजिम उपलब्ध गराएको राहत सम्बन्धमा अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिम गरिने अनुगमनको प्रतिवेदन पालिकामा पेश गर्नु पर्नेछ ।

(३) उपदफा १ बमोजिम अनुगमन गर्दा वा यस सम्बन्धी कामको शिलसिलामा खटिएको कर्मचारीको दैनिक तथा भ्रमण भत्ता रकम यसं कार्यक्रमको बजेटबाट खर्च गरिनेछ ।

११. **बाधा अड्काउ फुकाउ** : यस कार्यविधिको कार्यान्वयनका शिलसिलामा कुनै प्रावधानमा दुविधा उत्पन्न भएमा कार्यविधिको भावना र मर्मको प्रतिकुल नहुने गरि थप व्यवस्थीत र प्रभावकारी बनाउन पालिकाले यस कार्यविधिलाई संसोधन गर्न सक्नेछ ।

अनुसुचि १

## राहत रकम प्राप्त गर्न पेश गर्नु गर्ने प्रमाण

| पेश गर्नु पर्ने प्रमाण | पशुधन क्षती भएकोमा | कृषिवाली क्षती भएकोमा | खेतवारी क्षती भएकोमा | संरचना( गोठ, खोर, पोखरी वा अन्य संरचना) को क्षती | मेशिनरी सामाग्री क्षती | घरवार क्षती वा नष्ट भएकोमा |
|---|---|---|---|---|---|---|
| सम्बन्धीत व्यक्तिको निवेदन | | | | | | |
| स्थानीय तहको गरिव भएको सिफारिस पत्र /गरिव परिचय पत्र | | | | | | |
| स्थानीय विपद व्यवस्थापन समितिको सिफारिस पत्र | | | | | | |
| सिमान्तकृत समुदायका व्यक्ति भएको जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र | | | | | | |
| विपदबाट भएको क्षती देखिने फोटो | | | | | | |
| स्थानीय तह वडा कार्यालयको सिफारिस | | | | | | |
| पशुस्वास्थ्य प्राविधिकको मुल्यांकन | | | | | | |
| कृषि प्राविधिकको मुल्यांकन | | | | | | |
| जग्गा धनी प्रमाण पुर्जा | | | | | | |
| नापी नक्सा | | | | | | |
| नागरिकताको प्रमाण पत्र | | | | | | |
| प्राविधिक मुल्यांकन (स्थानीय तहको प्राविधिक ). | | | | | | |
| प्राविधिक (भवन कार्यालय) मुल्यांकन | | | | | | |

✓ यो चिन्हले उल्लेखित प्रमाण आवश्यक छ भन्ने जनाउछ ।